BRITISH COUNCIL

**Foundation English Test**

## Step towards employment success

## बारम्बार सोधिने प्रश्नहरू

### १. Foundation English Test (FET) के हो?

- ब्रिटिश काउन्सिलका भाषा विशेषज्ञहरूद्वारा विकसित, यो मूल्यांकन विविध वैश्विक बजारहरूमा परीक्षण गरिएको छ।
- यसले कमन युरोपियन फ्रेमवर्क अफ रेफरेन्सेस फर ल्याङ्ग्वेजेस (सी ई एफ आर) अनुसार क १ देखि ख १ सम्मको अंग्रेजी दक्षता स्तरहरू मूल्याङ्कन गर्दछ।
- परीक्षणले सुन्ने, पढ्ने, लेख्ने, र बोल्ने सबै भाषा सीपहरूलाई समग्र रूपमा मूल्याङ्कन गर्दछ र कम्प्युटरमार्फत सञ्चालन गरिन्छ, जसमा रेकर्ड गरिएको स्पीकिंग कम्पोनेन्ट समावेश छ।

### २. परीक्षणको लागि दर्ता गर्न के आवश्यक छ?

- मान्य राहदानी मात्र स्वीकार गरिन्छ। अन्य पहिचान कागजातहरू स्वीकार गरिन्न।
- मान्य इमेल र फोन नम्बर।
- उमेर आवश्यकता **२५ देखि ४५** वर्ष (वैदेशिक रोजगार विभागको आवश्यकता अनुसार)।

### ३. दर्ता गर्न मिल्ने अन्तिम मिति के हो?

इच्छुक परीक्षार्थीहरूलाई FET परीक्षाको लागि 16 जुलाई 2024 (01 श्रावण २०८१) पाँच बजे भित्र भित्र दर्ता गर्न अनुरोध गरिन्छ। हामी पूर्ण क्षमतामा पुगेपछि सिटको उपलब्धता सुनिश्चित गर्न सक्दैनौं।

### ५. **परीक्षणको** मूल्य कति छ?

रु. ५,००० (भ्याट सहित)।

### ६. दर्ता कसरी गर्ने?

- यस लिंकमा जानुहोस् https://www.britishcouncil.org.np/exam/foundation-english-test
- माइक्रोसफ्ट फारम भर्नुहोस् र बुझाउनुहोस्। दर्ता पुष्टि को लागि आफ्नो इमेल जाँच गर्नुहोस्।
- दर्ता फारममा प्रदान गरिएका विवरणहरू तपाईको राहदानीमा भएका विवरणहरूसँग मिल्नुपर्छ किनभने दर्ता पुष्टि इमेल प्राप्त गरिसकेपछि विवरणको परिवर्तन सम्भव छैन।

७. **भुक्तानी विवरण:**

- परीक्षण शुल्क: रु.५,०००।
- कुनै पनि नबिल बैंकको शाखामा भुक्तानी गर्नुहोस् वा अनलाइन भुक्तानी गर्नुहोस्।
- खाता नाम: British Council Services Nepal Pvt. Ltd.
- खाता नम्बर: 1701017501670
- जम्मा पर्ची (Deposit Slip) /अनलाइन फारमको टिप्पणी सेक्सनमा (Remarks Section) आफ्नो राहदानी नम्बर लेख्नुहोस्।
- जम्मा पर्ची र राहदानीको स्क्यान गरिएको प्रतिलिपि nepalexams@britishcouncil.org.np मा पठाउनुहोस्।
- तपाईले सबै आवश्यक कागजातहरू पेश गर्नुभयो भने भुक्तानी भएपछिका २ कार्य दिन भित्र भुक्तानी पुष्टि इमेल प्राप्त गर्नुहुनेछ।

८. **मैले भुक्तानी गरेको छु, तर मैले भुक्तानी पुष्टि इमेल प्राप्त गरेको छैन।**

- तपाईंले डिपोजिट स्लिप र राहदानीको स्क्यान गरिएको प्रतिलिपि neplexams@britishcouncil.org.np मा पठाएपछि मात्र तपाईंले भुक्तानी गरेको २ कार्य दिन भित्र भुक्तानी पुष्टिकरण इमेल प्राप्त गर्नुहुनेछ। **डिपोजिट स्लिप र राहदानीको स्क्यान वा डिजिटल प्रतिलिपि इमेल गर्न नबिर्सनुहोस्।**

९. **भुक्तानी फिर्ता र स्थानान्तरण नीति (Refund and Transfer Policy)**

फिर्ता र स्थानान्तरण अनुमोदन को विषय हो। यदि तपाईंले वैदेशिक रोजगार विभागको छनोट मापदण्ड पूरा गर्नुभएन भने वा असफल आवेदनको अवस्थामा परीक्षण शुल्क फिर्ता गर्न ब्रिटिश काउन्सिल उत्तरदायी हुनेछैन।

१०. **ब्रिटिश काउन्सिलले FET तयारी कक्षाहरू सञ्चालन गर्छ?**

- -हामी तयारी कक्षाहरू प्रदान गर्दैनौं तर तपाई हाम्रो वेबसाइट https://www.britishcouncil.org.np/exam/foundation-english-test/format-results बाट FET को बारेमा थप जान्न सक्नुहुन्छ।
- तपाई https://britishcouncil.org/exam/english/foundation-english-test/results को सुन्ने, पढ्ने, लेख्ने र बोल्ने खण्ड तपाईं हेर्न सक्नुहुन्छ ।

**११. म घरबाट अनलाइन FET परीक्षण दिन सक्छु?**

ब्रिटिश काउन्सिलले FET परीक्षण केवल काठमाडौंमा निर्धारण गरिएको स्थानमा सञ्चालन गर्दछ। परीक्षण विवरणहरू, जस्तै परीक्षण मिति, समय र स्थान, भुक्तानी पुष्टि भएको दुईदेखि तीन कार्य दिन भित्र इमेल र एसएमएस पठाउनेछ ।

१२. **म हाल नेपाल बाहिर छु। म मेरो वर्तमान स्थानबाट FET परीक्षण दिन सक्छु?**

हाललाई FET परीक्षण **केवल काठमाडौंमा** सञ्चालन गरिन्छ।

१३. **परीक्षणको दिन के ल्याउनुपर्छ?**

- मान्य राहदानी र स्टेशनरी (कलम र पेन्सिल) ल्याउनुपर्ने हुन्छ।
- परीक्षाको दिन कुनै पनि मूल्यवान सामानहरू ल्याउनु हुँदैन किनभने तपाईलाई ती वस्तुहरू परीक्षा हलमा लैजान अनुमति दिइने छैन।

१४. **नतिजा कहिले प्रकाशित हुनेछ?**

परीक्षण समाप्त भएको **चारदेखि सात दिन भित्र** नतिजा प्रकाशित गरिनेछ र प्रमाणपत्रको डिजिटल प्रतिलिपि दर्ता गर्दा दिइएको इमेल ठेगानामा पठाइनेछ। त्यसैले हामी परीक्षा लिनेहरूलाई तदनुसार तपाईंको परीक्षाको लागि योजना बनाउन प्रोत्साहित गर्छौं।

१५. **मैले चाहेको स्कोर प्राप्त गरिन। म मेरो परीक्षण पुनः दिन सक्छु?**

तपाईले दर्ता अन्तिम मिति भन्दा पहिले दर्ता पूरा गर्नुभयो भने तपाईले FET परीक्षण पुनः दिन सक्नुहुन्छ।

## १६. रिपोर्ट कार्ड कस्तो देखिन्छ?

